**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

निर्णय नं.२६५

पुनरावेदन नं. : ०७५-RB-००१६

पुनरावेदन दर्ता मितिः २०७५।०४।२७

**मुद्दाः नक्कली अन्तःशुल्क टिकट**

| | |
|---|---|
| मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं.११ घर भई कारागार कार्यालय वीरगंज पर्सामा रहेको यादव घिमिरेको नाती राजकुमार घिमिरेको छोरा बर्ष ५४ को प्रकाश घिमिरे.........................................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरूद्ध**

| | |
|---|---|
| अनुसन्धान अधिकृतहरु प्रकाश राई र तोयानाथ सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार .............................................................................१ | प्रत्यर्थी वादी |

निर्णय नं.२६६

पुनरावेदन नं. : ०७५-RB-००१५

पुनरावेदन दर्ता मितिः २०७५।०४।२७

**मुद्दाः नक्कली अन्तःशुल्क टिकट**

| | |
|---|---|
| कृष्ण बहादुरको छोरा धादिङ जिल्ला धुनिवेशी गाउँपालिका वडा नं.३ हाल का.जि.बुढानिलकण्ठ न.पा.वडा नं.१० घर भई हाल कारागार कार्यालय वीरगंज पर्सामा थुनामा रहेको बर्ष ५० को राजकुमार भण्डारी...................................................१ | पुनरावेदक प्रतिवादी |

**विरूद्ध**

| | |
|---|---|
| अनुसन्धान अधिकृतहरु प्रकाश राई र तोयानाथ सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार .............................................................................१ | प्रत्यर्थी वादी |

निर्णय नं.२६७

पुनरावेदन नं. : ०७५-RB-००१९

पुनरावेदन दर्ता मितिः २०७५।०४।३०

हरियाणा भारत घर भई का.जि.का.म.न.पा वडा नं. १४ कुलेश्वर बस्ने हिमालयन कार्गोका प्रोपाईटर मधु कुमारी चौधरीको पति हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेका बर्ष ५३ का विनोद कुमार गुप्ता..........................................................................१ } पुनरावेदक प्रतिवादी

**विरूद्ध**

अनुसन्धान अधिकृतहरु प्रकाश राई र तोयानाथ सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार .........................................................................................................१ } प्रत्यर्थी वादी

निर्णय नं.२६८

पुनरावेदन नं. : ०७५-RB-००४२

पुनरावेदन दर्ता मितिः २०७५।०५।१२

भारत पुर्वी चम्पारण रक्सौल २० भारत घर भएका सरयुग महतोको नाती रामदेव महतोको छोरा हाल कारागार शाखा कार्यालय वीरगंज पर्साको कैदमा रहेका बर्ष ४८ को विरेन्द्र कुमार महतो..................................................................................१ } पुनरावेदक प्रतिवादी

**विरूद्ध**

अनुसन्धान अधिकृतहरु प्रकाश राई र तोयानाथ सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार .........................................................................................................१ } प्रत्यर्थी वादी

निर्णय नं.२६९

पुनरावेदन नं. : ०७५-RB-००४३

पुनरावेदन दर्ता मितिः २०७५।०५।१३

धर्मभक्त राजभण्डारीको छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १ बस्ने हरि ओम ट्रेडिङ प्रा.लि.का संचालक हाल कारागार कार्यालय पर्सा, वीरगंजमा थुनामा रहेका बर्ष ५० का कुल प्रसाद राजभण्डारी........................................................१ } पुनरावेदक प्रतिवादी

**विरूद्ध**

अनुसन्धान अधिकृतहरु प्रकाश राई र तोयानाथ सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार .........................................................................................................१ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर अधिकृत श्री गोपीकृष्ण कोईराला

शुरु निर्णय मिति : २०७५।०३।२८

**संलग्न कानून व्यवसायीहरु**

पुनरावेदक प्रकाश घिमिरेको तर्फबाट : विद्वान अधिवक्ता श्री जगदेव चौधरी
: विद्वान अधिवक्ता श्री सुरज बस्नेत

पुनरावेदक राजकुमार भण्डारी तर्फबाट : विद्वान अधिवक्ता श्री दयानिधी पौडेल
:विद्वान अधिवक्ता श्री ख्याम नारायण सापकोटा
:विद्वान अधिवक्ता श्री निलम प्रसाद गौतम

पुनरावेदक विनोद कुमार गुप्ता तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा
: विद्वान वरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी
: विद्वान अधिवक्ता श्री युवराज गौतम

पुनरावेदक विरेन्द्र कुमार महतो तर्फबाट : विद्वान अधिवक्ता श्री सतिश कुमार झा
: विद्वान अधिवक्ता श्री शैलेन्द्र प्रसाद यादव

पुनरावेदक कुल प्रसाद राजभण्डारी तर्फबाट : विद्वान अधिवक्ता श्री केशव पाण्डे

प्रत्यर्थी/वादीको तर्फबाट : विद्वान उपन्यायाधीवक्ता श्री दिपक भण्डारी
: विद्वान सहायक न्यायाधीवक्ता श्री विजयराज घिमिरे

अन्तशुल्क अधिकृतको अख्तियारी प्राप्त श्री आन्तरिक राजस्व कार्यालय, विरगंज, पर्साका प्रमुख कर अधिकृतले मिति २०७५/०३/२८ मा गरेको निर्णय उपर चित्त नबुझी अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम ३५ दिनको म्याद भित्रै राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७४।०५।१८ मा वीरगंज भन्सार कार्यालय, पर्सामा भन्सार जाँचपासका लागि हरिओम ट्रेडिङ्ग प्रा. लि को नामबाट आयात गरिएको मालबस्तुको भौतिक परिक्षण गर्दा २५ यु.पि. शक्तिको मदिराको १८० एम.एल.को वोतलमा प्रयोग हुने अन्तःशुल्क टिकट ६७,६३० थान र २५ यु.पि. शक्तिको मदिराको ७५० एम.एल.को वोतलमा प्रयोग हुने अन्तःशुल्क टिकट १९,११० थान गरी जम्मा ८६,७४० थान नक्कली अन्तःशुल्क टिकट सहित नक्कली अन्तशुल्क टिकट आयात गर्ने कार्यमा संलग्न देखिएका प्रतिवादीहरु कुलप्रसाद राजभण्डारी, प्रकाश घिमिरे, विरेन्द्र कुमार महतो, राजकुमार भण्डारी, विनोदकुमार गुप्ता समेतका मानिसहरु पक्राउ परेको।

२. हरिओम ट्रेडिङ्ग प्रा.लि. को नाममा रहेको प्रज्ञापन पत्र नं. M97684 मिति सन् २०१७.०९.०३, Bishalaxmi Entire Enterprises 149/2 Sashatri Narendranath Ganguly Road Santragachhi, Howrah 711104 वाट हरि ओम ट्रेडिङ्ग प्रा.लि.(६०५९३६०६५०१०२ NP) को नाममा जारी भएको TAX INVOICE ( No.3737 Date 22.07.2017) देखिएको।

३. बरामद भएका अन्तःशुल्क टिकट नक्कली नै भएको पुष्टि गर्ने कर अधिकृत प्रकाश राई को मिति २०७४।०५।१९ को प्रतिवेदन ।

४. विनोद कुमार गुप्ता र विराटनगर घर भएका प्रकाश घिमिरेसँग सुन्धारा नजिक चिया पसलमा भेट भई सल्लाह हुँदा विनोद कुमार गुप्ताले मासिक रु.१५,०००।- र नाफाको १% रकम दिने तथा कारोवारको जिम्मा विनोद कुमार गुप्ताले नै लिने मौखिक शर्तमा मन्जुरी दिई विश्वासको आधारमा हरिओंम ट्रेडिङ्ग प्रा.लि.को नामको फर्म दर्ता गरेको हो। विराटनगर वस्ने प्रकाश घिमिरे आफ्नो स्कुल पढ्दा देखिको पुरानो साथी रहेको। जिल्ला प्रहरी कार्यालय, वीरगंजको प्रहरी हिरासतमा रहँदा विनोद कुमार गुप्ताले मलाई नक्कली अन्तशुल्क टिकट म आफैले ल्याएको भनी यस अघि गरेको वयान फिर्ता गरेवापत १५ लाख दिन्छु र जेलबाट मुक्त गराउँछु भनी धम्कीपूर्ण तरिकाले

प्रलोभन दिएको भन्ने समेत बेहोराको प्रतिवादी हरिओम ट्रेडिङ्ग प्रा.लि.का संचालक प्रतिवादी कुल प्रसाद राजभण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान।

५. आफू हिमालयन कार्गोको कर्मचारी मात्र भएको, भारतबाट आयात गरिएको सामान भातरीय कस्टम पास भएपछि रक्सौलको गोदामबाट उक्त सामानहरु ओसारपसार गरी नेपाल भन्सारमा जाँचपास गराउन मालसामान, विल बिजक भन्सार एजेण्ट अशोक कुमार श्रेष्ठलाई बुझाउने काम गर्दै आएको हो। एभरष्ट बैंकमा खाता मेरो साहु विनोद कुमार गुप्ताले खोलिदिएका हुन्। विनोद कुमार गुप्तालाई नसोधी कुनै पनि मालसामान ढुवानी प्रकृया अगाडी बढ्दैन। हरिओम ट्रेडिङ्ग प्रा.लि.को नामबाट नक्कली अन्तःशुल्क टिकट आउँदैछ भन्ने थाहा भएको तर सो को जानकारी प्रहरीलाई गराउनु पर्नेमा मैले नगराएको हो भन्ने समेत बेहोराको प्रतिवादी विरेन्द्र कुमार महतोले अनुसन्धानको क्रममा गरेको वयान।

६. प्रहरीले मबाट बरामद गरेको मोवाईल सेटहरु मेरो स्कुल पढ्दा देखिको साथी हरिओम ट्रेडिङ्ग प्रा.लि.का संचालक कुल प्रसाद राजभण्डारीको हो । निजले २०७४ को असार अन्तिममा काठमाडौंबाट विराटनगर जाँदा एउटा झोला मेरो साथमा छोडेको हो, उक्त झोलामा हरिओम ट्रेडिङ प्रा.लि.सँग सम्बन्धित ५ वटा सिम तथा ३ थान मोवाईल फोन सेटहरु थिए। उक्त सामानहरु भेट भएपछि फिर्ता गर्छु भनी मसँगै राखेको थिए। प्रहरीले उक्त फोनहरु नै बरामद गरेको हो भन्ने समेत बेहोराको प्रतिवादी प्रकाश घिमिरेको वयान।

७. हिमालयन कार्गोका प्रोपाईटर मधु कुमारी चौधरी मेरो पत्नी हो। मेरो पत्नीको नाउँमा दर्ता भएको उक्त कार्गोको कारोवार मैले नै हेर्ने गरेको छु। मैले नक्कली अन्तशुल्क टिकटहरु आफ्नो ढुवानी व्यवसायको क्रममा ढुवानी गरेको हो। विरेन्द्र कुमार महतो आफ्नो स्टाफ कर्मचारी भएको, भन्सार एजेण्ट अशोक कुमार श्रेष्ठलाई हरिओम ट्रेडिङ्ग प्रा.लि.का संचालक कुलप्रसाद राजभण्डारीले एजेण्ट नियुक्त गरेको कागजात मैले कर्मचारी विरेन्द्र कुमार महतो मार्फत दिएको हुँ। विगत एक डेढ महिनादेखि हरिओम ट्रेडिङ्ग प्रा.लि.बाट आएका सामानहरु आफ्नो ट्रान्सपोर्टबाट रक्सौलदेखि काठमाडौंसम्म ढुवानी भईरहेको थियो। हरिओम ट्रेडिङ्ग प्रा. लि.का संचालक कुल प्रसाद राजभण्डारीसँग मेरो चीनजान थिएन भन्ने समेत बेहोराको प्रतिवादी विनोद कुमार गुप्ताको वयान।

८. विरेन्द्र कुमार महतोसँग विगत एक महिनादेखि चिनजान रहेको, मेरो अनुरोधमा रक्सौलबाट कपडा ल्याई विनोद कुमार गुप्ताले हिमालयन कार्गोबाट काठमाडौं पठाईदिने गरेको, सो वापत मैले एभरेष्ट बैंकमा रहेको निजको खातामा रकम जम्मा गर्ने गरेको थिए। मैले कपडा लगायतको सामान अर्डरको लागि फोन सम्पर्क गरेको थिए तर नक्कली अन्तशुल्क टिकट कारोवारको सम्बन्धमा निजहरुसँग मेरो कुनै सम्बन्ध नरहेको भन्ने समेत बेहोराको प्रतिवादी राजकुमार भण्डारीको वयान।

९. हरिओम ट्रेडिङ्ग प्रा.लि.को सामान भन्सार जाँचपास गराएवापत भन्सार एजेन्टले पाउनुपर्ने ज्याला मैले विरेन्द्र कुमार महतोबाट लिने गरेको हो, उक्त प्रा.लि.ले आयात गरेको पेपर लेवल उल्लेखित उक्त विजक विरेन्द्र कुमार महतोले नै दिएको र उक्त विजकमा पेपर लेवल लेखिएकोले सोही अनुसार आफूले प्रज्ञापनपत्र टाईप गरी प्रिन्टेड निकालेको हो। हरिओम ट्रेडिङ्ग प्रा.लि. बाट सामान भन्सार जाँचकी कर्मचारीहरु, हिमालयन कार्गोका कर्मचारी विरेन्द्र कुमार महतो र म समेतको रोहबरमा सामानको भौतिक जाँच परिक्षण गर्दा अन्तशुल्कको नक्कली टिकट फेला पारेकोले पैठारी

गर्न बन्देज गरिएको सामान ढुवानी गर्ने ट्रान्सपोर्टको कर्मचारी विरेन्द्र कुमार महतोलाई उक्त सामान सहित भन्सारमा मैले बुझाएको तर अन्तशुल्क टिकट आयातमा मेरो कुनै संलग्नता नरहेको भन्ने समेत बेहोराको भन्सार एजेण्ट अशोक कुमार श्रेष्ले गरेको वयान।

१०. अन्य प्रतिवादीहरु सुगम सापकोटा, राधेश्याम पौडेल, प्रकाश पौडेल तथा पुष्करनाथ दवाडीको वयान मिसिल संलग्न रहेको।

११. प्रतिवादीहरु मधु कुमारी चौधरी, राहुल गुप्ता तथा सतिश गुप्तालाई आन्तरिक राजस्व कार्यालय, वीरगंजबाट वयानको लागि उपस्थित हुन पत्राचार गरेकोमा प्रतिवादी मधु कुमारी चौधरी विमारी भई उपचारको लागि भारत गएको भनी पत्र पेश हुन आएको तथा अन्य प्रतिवादीहरु कार्यालयमा उपस्थित हुन नआएको भन्ने बेहोरा सुरु मिसिलबाट देखिएको।

१२. वीरगंज भन्सारबाट जाँचपासको क्रममा फेला परी कब्जामा लिएर आवश्यक कारवाहीका लागि पठाइएका नक्कली अन्तशुल्क टिकट, अन्तशुल्क अधिकृतबाट परिक्षण गरी पेश भएको टिकट परिक्षण प्रतिवेदन, सम्बद्ध प्रतिवादीहरुले अन्तशुल्क ऐन, २०५८ को दफा १६(१)(घ) बमोजिमको कसूर गरेको सम्बन्धमा प्राप्त दशी प्रमाणहरु, प्रतिवादीहरुको वयान लगायत प्रमाण कागजातहरुको छानविन गरी पछि विस्तृत अनुसन्धानबाट ठहर भए बमोजिम हुने गरी हाललाई धरौटी माग गर्ने बेहोराको मिति २०७४।६।१७ मा आन्तरिक राजस्व कार्यालय, वीरगंजका अनुसन्धान अधिकृतहरुबाट पेश गरेको प्रारम्भिक प्रतिवेदन।

१३. नक्कली अन्तःशुल्क टिकटको अवैध आयात तथा ओसारपसार सम्वन्धि मुद्दाका सम्बन्धमा अनुसन्धान अधिकृतहरुले विस्तृत छानविन तथा अनुसन्धान गरी पेश गरेको अनुसन्धान प्रतिवेदन, उपलब्ध भएसम्मका दसी प्रमाणहरु, प्रतिवादीहरुको बयान, अनुसन्धान तथा तहकिकातका क्रममा वीरगंज भन्सार कार्यालयबाट प्राप्त हुन आएको नक्कली अन्तःशुल्क टिकट तथा बरामद सम्बन्धी कागजातहरु रहेको मिसिल, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (CIB) र यस कार्यालयमा बुझिएका प्रतिवादीहरुको वयान व्यहोरा सहितको मिसिल प्रमाण, जिल्ला प्रहरी कार्यालय पर्साले बरामद गरी पठाएको हरिओम ट्रेडिङ्ग प्रा.लि. को संचालक कुलप्रसाद राजभण्डारी र त्यस प्रा.लि. को सहयोगी भनिएका प्रकाश घिमिरेले प्रयोग गर्ने गरेका मोवाइल फोन नं. को विवरण, केन्द्रिय अनुसन्धान व्युरो ले उपलव्ध गराएको प्रतिवादीहरुको मोवाइ फोनको Call Details, करदाता सेवा कार्यालय चावहिलमा हरिओम ट्रेडिङ्ग प्रा.लि. दर्ता हुदा पेश गरेका कागजातहरुको सक्कल फाइल, हरिओम ट्रेडिङ्ग प्रा.लि. को नाममा जनता वैंक कुलेश्वर र सिटिजन बैंक खिचापोखरीमा रहेका बैंक एकाउन्ट स्टेटमेन्ट, उक्त बैंकहरुमा रकम जम्मा गरी ड्राफ्ट बनाउने व्यक्तिहरुको वयान एवं नक्कली अन्तःशुल्क टिकट आयत सम्वन्धी यसै प्रसंगमा जिल्ला प्रहरी कार्यालय पर्साबाट सरकारी छाँप किर्ते सम्बन्धी मुद्दा चलाइएकोमा निज प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान समेतका आधारहरु विश्लेषण गर्दा, विनोद कुमार गुप्ताले संचालन गरिरहेको कुलेश्वर स्थित हिमालयन कार्गोको ल्यान्ड लाईनमा प्रकाश घिमिरेले प्रयोग गर्ने मोबाइलबाट पटक पटक भएको फोन अनुसार निज प्रकाश घिमिरे, राजकुमार भण्डारी र विनोद कुमार गुप्ताबीच आपसी सघन व्यवसायिक सम्पर्क रहेको अवस्था देखिएको, प्रकाश घिमिरे र हिमालयन कार्गोको साहु विनोद कुमार गुप्ताबीच व्यवसायिक सम्बन्ध भएको भनी प्रकाश सापकोटा, सुगम सापकोटाले दिएको

बयान, उपरोक्त तथ्यहरुबाट निज प्रकाश घिमिरेले कमजोर आर्थिक अवस्थाका आफ्ना स्कुल पढ्दाका साथी कुल प्रसाद भण्डारीलाई ललाई फकाई गरी निजको नाममा हरिओम ट्रेडिङ्ग प्रा.लि. नाम गरेको कम्पनी आफै सक्रिय भई खोल्न लगाई, हिमालयन कार्गोका साहुहरु मधु कुमारी चौधरी, विनोद कुमार गुप्ता, सतिस गुप्ता र राहुल गुप्ताहरुसँग मिलेर भारतबाट विभिन्न सामान आयात गर्ने, सामानहरु आयात गरे बापत बैंक ड्राफ्टबाट भुक्तानीहरु पठाउने, यी कार्यहरुको लागि आर्थिक अवस्था कमजोर रहेका विभिन्न वेरोजगार, कलेज पढ्ने व्यक्तिहरुलाई Part time Job दिई उनीहरुलाई प्रयोग गरी आफू सकभर अभिलेखमा नदेखिने गरी, पर्दा पछाडी रहेर चलाखी पूर्ण र योजनाबद्ध ढंगले कारोबार गरेको अवस्था देखियो, मिसिल संलग्न प्रमाणहरु तथा प्रतिवादीहरुको बयान समेतका आधारमा निज प्रतिवादीहरु कुलप्रसाद राजभण्डारी, प्रकाश घिमिरे, मधु कुमारी चौधरी, विरेन्द्र कुमार महतो, राहुल गुप्ता, सतिस गुप्ता र राजकुमार भण्डारीसँग संगठीत रुपमा मिलेमतो गरी नक्कली अन्तःशुल्क टिकट आयात तथा ओसार पसार गर्ने कार्यमा संलग्न देखिएकाले अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) बमोजिम जनही विगो र जरिवाना समेत गरी जम्मा रू.६,७८,७०,११६।— र एक वर्ष सम्म कैद हुने ठहरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७५।०३।२८ मा भएको निर्णय।

१४. प्रतिवादी उपर अभियोग दावी तथा आरोप पत्र नभएको, सरकारी वकिलको मुद्दा चलाउने निर्णय नभएको, यसै कसुर सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्साबाट सरकारी छाप दस्तखत किर्ते सम्बन्धी मुद्दा चलिसकेको अवस्थामा एकै अपराधमा एकपटक भन्दा बढ्ता मुद्दा चलाउन नमिल्ने, बिगो जफत भएपछि बिगो असुल गर्नु नपर्नेमा बिगो असुल गर्ने गरी भएको फैसला नमिलेको, प्रतिवादी हरिओम ट्रेडिङ्गका संचालकसँग चिनजान रहेको, पहिलेको काममा सहयोग गरेको आधारमा अपराधिक घटनामा संलग्न रहेको भनी गरेको फैसला कानुन सम्मत नभएको, सो विषयमा पुनरावेदकको संलग्नता नरहेको, पुनरावेदकले विवादीत सामान आयात नगरेको, कम्पनीको संचालकसँग चिनजान मात्र रहेको, उक्त कम्पनीको सम्पर्क व्यक्तिको फोन नं. भएको भन्ने आरोप सरासर गलत रहेको, कसैसँग चिनजान हुदैमा वा कसैको अपराधमा प्रयोग बाहेकका सामान राखेकै भरमा अपराधी भन्न नमिल्ने, अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) को कानूनी व्यवस्थालाई अपव्याख्या गरी अन्यायपूर्ण तरिकाले कसुर कायम गरेको नमिलेको, न्यून मुल्यको वस्तुलाई ठुलो धनराशीको विगो कायम गरेको नमिलेको, सम्भावित कसुरमा अत्याधिक बिगो कायम गरी सजाय गरेको कार्य फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत रहेको, पुनरावेदकलाई सम्बन्ध नै नभएको कम्पनिको कर, बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदिको काम गर्ने भनी अनाहकमा पूर्वाग्रह राखि आरोपित कसुरमा म पुनरावेदकको इन्कारी रहि गरेको बयानलाई न्यायोचित मूल्याङ्कन नगरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७५।०३।२८ मा भएको फैसला बदर गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रकाश घिमिरेका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१५. प्रतिवादी उपरको अभियोग दावी तथा आरोप पत्र नभएको, सरकारी वकिलको मुद्दा चलाउने निर्णय नभएको, यसै कसुर सम्बन्धमा हिमालयन कार्गोका कर्मचारी विरेन्द्र कुमार महतोको एभरेष्ट बैंकको खातामा आफूले भारतबाट केही कपडा ल्याई काठमाण्डौंमा विक्री गर्ने गरेकोमा कपडाको सामानको

रकम पठाएको हो, नक्कली अन्तःशुल्क टिकट मगाएको छैन, खातामा पैसा जम्मा गर्ने कहिले म र कहिले मेरो साथी रमेश जाने गरेकोमा रमेश जाँदा उसले आफ्नो नाम लेखेको हो । विनोद कुमार गुप्तासँग मेले कुरा गरेको छैन, अन्य प्रतिवादीहरुलाई म चिन्दिन, सामान बुझ्न सजिलो हुन्छ भनी हिमालयन कार्गोको भिजिटिङ्ग कार्ड कार्गोका संचालकले बनाई दिएको अवस्थामा म दोषी हुने अवस्था छैन । विरेन्द्र कुमार महतोसँग लामो समयदेखि चिनजान रहेकोमा मिति २०७४।०५।१९ को समाचार मैले थाहा पाएपछि फोन गरेको हूँ र निजले खासै केही होइन मैले मिलाइसकेको छु, समाचारमा सत्यता छैन भनी भनेकोमा अदालतमा छोराले फोन उठाएको भनी झुटो बयान दिएको र निज चिनजानको साथीहरु पक्राउ परे भनी पत्रपत्रिका निस्केपछि कान्तिपुर दैनिकको कटिङ्ग राखेकोमा सो कटिङ्ग राख्दैमा अपराधि घोषित गर्न नमिल्ने, म सामान्य व्यापारी भएकोले त्यति ठूलो आर्थिक कारोबार गर्न सक्ने मेरो हैसियत नभएकोले मिति २०७४।०५।१८ को मुचुल्कामा पेश भएको M97684 तारिख ०३।०९।२०१७ को प्रज्ञानपत्रमा, बरामदी मुचुल्कामा म पुनरावेदकको संलग्नता नरहेको साथै जिल्ला प्रहरी कार्यालय पर्साबाट सरकारी छाँप दस्तखत किर्ते सम्बन्धी मुद्दा चलिसकेको अवस्थामा एकै अपराधमा एकपटक भन्दा बढी मुद्दा चलाउन नमिल्ने, सो मुद्दामा समेत रु. १ लाख धरौटी मागिएको, धरौटी राख्न नसकी म हालसम्म कारागारमा नै रहेको अवस्था छ। अनुसन्धानका क्रममा संकलित बरामदी मुचुल्कामा म पुनरावेदकको संलग्नता छैन। प्रतिवादीहरुको बयान, सामान बापत तिरेको रकम, फोन सम्पर्क गरेको, भिजिटिङ्ग कार्ड लिएको र कान्तिपुर पत्रिकाको कटिङ्ग राखेको आधारमा मलाई अपराधी घोषित गर्न मिल्दैन। अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) को कानूनी व्यवस्थालाई अपव्याख्या गरी अन्यायपूर्ण तरिकाले कसुर कायम गरेको नमिलेको र फैसला कर्ताले निर्दोष व्यक्तिलाई बिना अनुसन्धान दोषी करार गरी थप १० वर्ष कैद गर्नु भनी गरेको फैसला आफैमा प्राङ्गन्यायको सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल भएकोले सो फैसला बदर गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक राजकुमार भण्डारीका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१६. प्रतिवादी उपरको अभियोग दावी तथा आरोप पत्र नभएको, सरकारी वकिलको मुद्दा चलाउने निर्णय नभएको, यसै कसुर सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्साबाट सरकारी छाप दस्तखत किर्ते सम्बन्धी मुद्दा चलिसकेको अवस्थामा एकै अपराधमा एकपटक भन्दा बढ्ता मुद्दा चलाउन नमिल्ने, बिगो जफत भएपछि बिगो असुल गर्नु नपर्नेमा बिगो असुल गर्ने गरी भएको फैसला नमिलेको, फैसला गर्ने अधिकारी समक्ष पुनरावेदक समेतको बयान नगराएकोले कार्यविधि सम्बन्धी कानूनको त्रुटी गरेको, हिमालयन कार्गो र हरिओम ट्रेडिङ्ग प्रा.लि. अलग-अलग अस्तित्वमा रहेकोले हरिओम ट्रेडिङ्ग प्रा.लि.ले मगाई आयात गरेको सामानमा हरिओम ट्रेडिङ्ग प्रा.लि. का संचालक स्वयं नै जिम्मेवार रहने हुँदा सो विषयमा हिमालयन कार्गोको तर्फबाट काम गर्ने म पुनरावेदकको संलग्नता नरहेको, म पुनरावेदकले विवादीत सामान आयात नगरेको, विवादको प्रस्थान विन्दु कलकत्ता भएकोले कलकत्ताबाट भारततर्फ नै दर्ता भएको ढुवानीकर्ताले ढुवानी गरी रक्सौलसम्म ल्याएको हुदाँ एक भन्दा बढी ढुवानी साधनबाट ढुवानी भएकोमा पहिलो ढुवानी कर्ता नै जावफदेहि हुने, प्रस्थान बिन्दु कलकतामा पेपर लेभल भनी सिलबन्दी भै रक्सौल आएको सामान रक्सौलबाट

काठमाण्डौंसम्म ढुवानी गर्ने दायित्व मात्र मेरो हो सो दायित्व ढुवानी कार्यमा मात्र सिमित रहने हुदाँ ढुवानी बाहेकको अन्य काम कारवाहीमा मेरो संलग्नता नरहेको, साथै मेरो कुनै जवाफदेही र जिम्मेवारी पनि नरहेको, आफू इन्कार रहि अरुलाई पोल गरी सह-अभियुक्त कूल प्रसाद राजभण्डारी समेतले गरेको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएको स्थितिमा त्यस्तो बयानलाई प्रमाणमा लिन नमिल्ने, प्रहरी हिरासतमा भएको भनिएको कागज र सह-अभियुक्तको मौखिक भनाई पनि प्रमाणमा लिन नमिल्ने, अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) को कानूनी व्यवस्थालाई अपव्याख्या गरी अन्यायपूर्ण तरिकाले कसुर कायम गरेको नमिलेको, न्यून मूल्यको वस्तुलाई ठुलो धनराशीको बिगो कायम गरेको नमिलेको, सम्भावित कसुरमा अत्याधिक बिगो कायम गरी सजाय गरेको कार्य फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत रहेको, भन्सार एजेन्ट नियुक्ति गरेको कागज एवम् निजलाई भुक्तानी दिएको भन्ने व्यहोरा कसुर कायम गर्ने आधार हुन नसक्ने र आरोपित कसुरमा म पुनरावेदकको इन्कारी रहि गरेको बयानलाई न्यायोचित मूल्याङ्कन नगरी फैसला भएकोमा आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७५।०३।२८ मा भएको फैसला उल्टाई बदर गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक विनोद कुमार गुप्ताका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१७.प्रतिवादी विरेन्द्र कुमार महतो ढुवानी यातायात कम्पनीमा काम गर्ने व्यक्ति रहेको, सो कारणले कसैसँग कुराकानी वार्तालाप गरेकै भरमा समान प्रकृतिको कार्यमा संलग्न रहेको भनी अनुमानको भरमा कसुरदार आंकलन गर्न नमिल्ने, पुनरावेदक कसुरदार रहेको भनी तथ्ययुक्त विश्वसनीय कुनै पनि प्रमाण नभएको, अनुसन्धान अधिकृत र फैसला गर्ने अधिकृत पनि फरक फरक व्यक्ति रहनु भएकोले न्यायिक सिद्धान्त समेतको उल्लघन भएको, रक्सौलबाट मैले सामान र बिल ल्याएको हुदाँ सम्पूर्ण दोष मेरै हो भनी दिइएको बयान सरासर गलत त्रुटीपूर्ण रहेको, कुनै तथ्यको साविति कसुरको साविति भनी नामाकरण गर्न नमिल्ने, राजकुमार भण्डारीले पक्राउ परि सकेपछि निज पुनरावेदकको मोबाइलमा फोन गरेको call detail लाई निजको विरुद्ध बनाइएको निर्णयधार त्रुटीपूर्ण रहेको, विवादित स्टीकर हरिओम ट्रेडिङ्ग प्रा.लि. ले भारतबाट आयात गरेकोले सो सामान आयात गर्ने व्यक्ति आफू नभएको, निजको आफै सामान आयात गर्ने सामर्थ्य नरहेको र पुनरावेदकको इन्कारी रहि गरेको बयानलाई समेत न्यायोचित मूल्याङ्कन नगरी फैसला भएकोमा आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७५।०३।२८ मा भएको फैसला अन्यायपूर्ण, गैरकानूनी भएकोले बदर गरी कैद र जरिवानाको दायित्वबाट फुर्सद गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक विरेन्द्र कुमार महतोका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१८. प्रतिवादी मध्येका विरेन्द्र कुमार महतो अर्का प्रतिवादी विनोद कुमार गुप्ताको श्रीमती प्रतिवादी मधु कुमारी चौधरीको प्रोपाइटरसिपमा संचालित हिमालयन कर्गोमा कार्यरत कर्मचारी भएको, हरिओम ट्रेडिङ्ग प्रा.लि.को सम्पूर्ण कारोबार र डिजाइनर विनोद कुमार गुप्ता मुख्य व्यक्ति देखिएको, निजको मसँग भेटघाट चिनजान नरहेको, म पुनरावेदकको दैनिक गुजारा चलाउन धौ धौ पर्ने व्यक्तिलाई प्रतिवादी प्रकाश घिमिरेले विनोद कुमार गुप्तासँग परिचय गराई उनीहरुको डिजाइनमा हरिओम ट्रेडिङ्ग प्रा.लि. खोल्न लगाई रु.१५,०००।— दिने कुरा गरी मेरो गरिवीको फाइदा लिएको, आरोपित कसुरमा जुन परिमाणको नक्कली अन्तःशुल्क तय गरी जरिवाना र विगो कायम गरिएको

छ, उक्त रकम मेरो तीन पुस्ताले नदेखेकोले, म पुनरावेदकको उक्त कसुरमा कुनै संलग्नता नरहेको, अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) को कसुरमा म पुनरावेदकको इन्कारी रहि गरेको बयानलाई न्यायोचित मूल्याङ्कन नगरी फैसला भएको र अनुसन्धानका क्रममा बयान फिर्ता लिन भनी १५ लाख रुपैया दिन्छु भनी गरेको कागज समेत वेवास्ता गरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७५।०३।२८ मा भएको फैसला बदर गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक कुलप्रसाद राजभण्डारीका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१९. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५।०६।२३ को आदेश।

२०. पर्सा जिल्ला अदालतमा दर्ता भएको वादी नेपाल सरकार विरूद्ध प्रतिवादी प्रकाश घिमिरे समेत भएको सरकारी छाप दस्तखत किर्ते जालसाजी मुद्दाको फैसलाको प्रमाणित प्रति सम्बन्धित अदालतबाट मगाउने मिति २०७५।११।१३ को यस न्यायाधिकरणको आदेश बमोजिम प्राप्त भएको फैसलाको प्रमाणित प्रतिलिपी मिसिल संलग्न रहेको।

२१. यसमा पुनरावेदकतर्फका कानून व्यवसायीहरुले लिखित बहसनोट पेश हर्न चाहनु भएको र प्रत्यर्थी तर्फबाट समेत त्यसमा सहमती रहेकोले दिन १५ (पन्ध्र) भित्र दुवै पक्षबाट लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।१२।१८ मा भएको आदेश।

२२. यसमा पुनरावेदक प्रतिवादी विरेन्द्र कुमार महतोको तर्फबाट अधिवक्ता श्री शैलेन्द्र प्रसाद यादवले विरामीको कारण दर्शाई आजको पेशी स्थगन गर्न निवेदन पेश गरेको देखिँदा आज प्रस्तुत मुद्दा सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा ३ बर्ष ८ महिना पुरानो भईसकेको, प्रस्तुत मुद्दा र लगाउका अन्य मुद्दामा समेत पुनरावेदकहरु थुनामा रहेको समेत देखिँदा छिटो सुनुवाई गरी मुद्दाको किनारा लगाउन वाञ्छनिय देखिएकोले लगाउका अन्य मुद्दामा कानून व्यवसायीको लिखित बहसनोट पेश भईसकेको सन्दर्भमा पुनरावेदक प्रतिवादी विरेन्द्र कुमार महतोको तर्फबाट एकभन्दा बढि कानून व्यवसायी मुकरर भएको भएको मिसिलबाट देखिएपनि लिखित बहसनोट पेश भएको नपाईदा अव एकहप्ता भित्र लिखित बहसनोट पेश गर्न सम्बन्धित कानून व्यवसायीहरुलाई प्रतिवादी विरेन्द्रप्रसाद महतो मार्फत सूचना दिई अव उप्रान्त कुनै पुनरावेदकको तर्फबाट मुकरर कुनै कानून व्यवसायी उपस्थित हुन नसक्ने अवस्था परेमा पनि मुद्दाको सुनुवाई स्थगित नहुने कुरा सवै पुनरावेदकहरुलाई जानकारी गराई लगाउका 075-RB-0016, 075-RB-0015, 075-RB-0019 र 075-RB-0043 का पुनरावेदन समेत साथै राखी पेशीमा चढाई नियमानुसार पेश गर्नु भन्ने बेहोराको यस न्यायाधिकरणबाट मिति २०७८।१२।६ मा भएको आदेश।

२३. अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) को कुनै पनि व्यवस्था प्रतिवादी प्रकाश घिमिरेको हकमा आकर्षित हुदैन, ऐ. ऐनको दफा १६(१) को खण्ड(क) मा उल्लेख भएको अपराध मानिने कार्यहरु अन्तशुल्क दवाउने, छिपाउने वा छल्ने कार्य प्रतिवादीबाट नभएको, ऐ.ऐनको दफा १६(१) को खण्ड (ख) मा उल्लेख भएको व्यवस्था बमोजिमको कसूर प्रतिवादीबाट नभएको तथा सुरु निर्णयमा

वस्तुनिष्ठ प्रमाणबाट प्रतिवादीको घटनामा संलग्नता देखिँदैन। तसर्थ यी प्रतिवादी उपर सुरु आन्तरिक राजस्व  कार्यालयबाट भएको निर्णय त्रुटिपूर्ण भएको हुँदा सो निर्णय बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भन्ने समेत बेहोराको प्रतिवादी प्रकाश घिमिरेका तर्फबाट निजको कानून व्यवसायी अधिवक्ता श्री जगदेव चौधरीले यस न्यायाधिकरणमा पेश गरेको बहस नोट।

२४. अन्तशुल्क ऐन, २०५८ को दफा १८ ले मुद्दा हेर्ने अधिकारीलाई अदालतलाई भए सरहको अधिकार हुने भनी उल्लेख भएकोमा प्रस्तुत मुद्दाको कारवाहीको क्रममा आन्तरिक राजस्व कार्यालय, वीरगंजका प्रमुख अधिकृत समक्ष प्रतिवादी विनोद कुमार गुप्तालाई वयान नगराई केवल सुरु अनुसन्धानको क्रममा भएको वयानलाई आधारमानी निर्णय भएको, नेपालको संविधानको धारा १५८ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ र ३१ को प्रतिकुल गरी अभियोजन समेत नभई आरोपपत्र विना फैसला गरिएको छ र नेपालको संविधानको धारा २० को उपधारा (६) बमोजिम एकै अपराधमा एक पटक भन्दा बढ्ता मुद्दा चलाउन नमिल्ने भन्ने व्यवस्था रहेकोमा निर्णय सोको प्रतिकुल रहेको, ठहर खण्डमा कैदको अवधी किटान नगरी थुनामा राखेको गैरकानूनी हुने, अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) को अपव्याख्या गरेर फैसला गरेको, हरिओम ट्रेडिङ प्रा.लि.ले मगाएको सामानको विषयमा गलत किसिमबाट मलाई दोषी ठहरी सजाय गरेको। ढुवानी कर्ताको दायित्व ढुवानी कार्यमा मात्र सिमित रहनेमा अन्य काम कारवाहीमा र गतिविधीमा जिम्मेवार बनाई कसूरदार ठहऱ्याउन नमिल्ने, सह-अभियूक्तले आफु इन्कारी रही गरेको बयान पोललाई प्रमाणमा लिन नमिल्ने, फौज्दारी मुद्दामा शंकास्पद एवं विरोधाभाषपूर्ण कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन भन्ने नजिरको प्रतिकूल फैसला रहेको समेतका कारण कसूर ठहर गरि सजाय गर्ने गरि भएको फैसला बदर गरि सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी विनोद कुमार गुप्ताको कानून व्यवसायी वरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी. ले पेश गरेको बहस नोट।

२५. विनोद कुमार गुप्ताले पुनरावेदक कुलप्रसाद राजभण्डारीलाई नक्कली अन्तशुल्क टिकट मगाएको भनी अनुसन्धानको क्रममा गरेको बयान फिर्ता लिए १५ लाख रुपैयाँ दिन्छु भनी कागज समेत गरेको, विनोद कुमार गुप्ताले पुनरावेदकको फर्मलाई प्रयोग गरी उक्त अन्तशुल्क टिकट मगाएको हुँदा यसमा कुलप्रसाद राजभण्डारी निर्दोष रहेकोले सफाइ दिलाई पाउँ भन्ने ब्यहोराको प्रतिवादी कुल प्रसाद राजभण्डारीका कानून व्यवसायी अधिवक्ता श्री केशव पाण्डेले पेश गरेको बहस नोट।

२६.प्रतिवादी विरेन्द्र कुमार महतोको तर्फबाट अधिवक्ता सतिस कुमार झा समेतबाट पेश हुन आएको लिखित बहसनोटमा हरिओम ट्रेडिङ्ग प्रा.लि. मार्फत सामान आयात गर्ने व्यक्ति विरेन्द्र कुमार महतो होईन, उक्त प्रा. लि. को दर्तावाल, कारोबारको रेखदेख गर्ने कारोवारी प्रकाश घिमिरे रहेको भनी फैसलाले देखाएको अवस्थामा निज कम्पनीमा काम गर्ने कर्मचारीलाई कसैसँग वार्तालाप गरेकै भरमा कसूरदार ठहर गरी गरेको फैसला त्रूटिपूर्ण रहेको हुँदा सो बदर गरी सफाई पाउँ भन्ने बेहोरा उल्लेख भएको पाईन्छ।

२७. अर्का प्रतिवादी राजकुमार भण्डारीको तर्फबाट अधिवक्ता श्री ख्यामनारायण सापकोटा समेतले यस न्यायाधिकरणमा पेश गर्नुभएको लिखित बहसनोटमा राजकुमार भण्डारीलाई समेत एकै कसूरमा २ वटा मुद्दा चलाईएको छ। निज उपर सम्मानित पर्सा जिल्ला अदालतमा सरकारी छाप दस्तखत किर्ते

मुद्दा चलिरहेको तथा प्रस्तुत मुद्दामा संलग्नता नै नभएको कुरामा संलग्नता छ भनी पुष्टी नगरी अपराधी घोषित गर्नु कानून विपरित छ। राजकुमार भण्डारीले गैरकानूनी कुनै काम नगरेको अवस्थामा अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) बमोजिम कसूर कायम गरी सजाय गरेको नमिलेकोले बदर गरी सफाई दिलाई पाउँ भन्ने समेत बेहोरा उल्लेख भएको पाईन्छ।

२८. हरिओम ट्रेडिङ प्रा.लि.को स्थापनामा नै यी प्रतिवादी विनोद कुमार गुप्ताको संलग्नता देखिने तथ्यहरु प्रतिवादीहरुको बयान ब्यहोराहरुबाट खुलिरहेको, अभियोजन नगरी फैसला भएको भनिए तापनि निज विरुद्ध स्पष्ट रुपमा अनुसन्धान प्रतिवेदनबाट आरोप जिकिर लिएको र सोलाई कानून बमोजिम हुनेगरी अभियोग मागदावी गरिएको अवस्था रहेको छ । यी प्रतिवादीलाई अन्य जिकिर लिएका मुद्दाहरुमा समेत मुद्दा विचाराधिन रहेको भनेता पनि प्रस्तुत कसूरमा अन्य न्यायीक निकायमा मुद्दा दायर भई विचाराधिन रहेको अवस्था विद्यमान नरहेको देखिन्छ। फौजदारी कसूरको अनुसन्धानमा लिएका बयानहरु प्रमाणका अभिन्न अंग हुन जुन व्यहोरा प्रतिवादीका कार्यबाट प्रमाणित समेत भइरहेको अवस्थामा बयान तथा सहअभियुक्तको बयान व्यहोरालाई आधार लिएको मिलेन भन्ने जिकिर नै कानूनी व्यवस्थाको प्रतिकुल रहेको छ। यी प्रतिवादीको कसूर प्रमाणीत भइरहेको अवस्थामा निजलाई कसूरमा विगो कायम र विगो बमोजिमक हुने जरिवाना र कैद कानूनले नै गरेको व्यवस्था बमोजिम तोकिएको हुदां गैरकानूनी भनी लिएको जिकिर समेत मिलेको छैन। तसर्थ प्रतिवादी विनोद कुमार गुप्ता लगायतका अन्य प्रतिवादीहरु उपर कानून सम्मत गरिएको फैसला सदर कायम गरी पुनरावेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंको तर्फबाट उप-न्यायाधीवक्ता श्री दिपक भण्डारीले यस न्यायाधिकरणमा पेश गरेको लिखित बहस नोट।

## <u>ठहर खण्ड</u>

२९. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रतिवादीहरुको पुनरावेदन पत्र, आन्तरिक राजस्व कार्यालय वीरगंज पर्साबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीहरु तथा वादी नेपाल सरकारको तर्फबाट सुनुवाईको क्रममा माग भए बमोजिम पेश भएको बहसबोट अध्ययन गरी प्रतिवादी प्रकाश घिमिरेको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री जगदेव चौधरी र श्री सुरज वस्नेत, प्रतिवादी राजकुमार भण्डारीको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री दयानिधी पौडेल र श्री ख्याम नारायण सापकोटा, प्रतिवादी विनोद कुमार गुप्ताको तर्फबाट उपस्थित हुनभएका विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा र विद्वान अधिवक्ता श्री युवराज गौतम, प्रतिवादी विरेन्द्र कुमार महतोको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सतिश कुमार झा तथा प्रतिवादी कुलप्रसाद राजभण्डारीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री केशव पाण्डे र निलम प्रसाद गौतम तथा प्रत्यर्थीका तर्फबाट विशेष सरकारी वकिलको कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री विजयराज घिमिरेले गर्नुभएको बहस समेत सुनियो।

३०. यसमा विरगंज भन्सार कार्यालय पर्सामा भन्सार जाँचपासका लागि हरिओम ट्रेडिङ्ग प्रा. लि. नामको प्रज्ञापन पत्र नं ९७६९४ बाट आयात गरिएको मालबस्तु जाँच गर्दा आईटम नं ४ मा पेपर लेवल

५० के. जी उल्लेख गरिएकोमा उक्त मालबस्तु नक्कली अन्तशुल्क टिकट भएको पाईएकोले उक्त नक्कली अन्तशुल्क टिकट आयात गर्ने कार्यमा संलग्न भएका प्रतिवादीहरु कुल प्रसाद राजभण्डारी, विरेन्द्र कुमार महतो, प्रकाश घिमिरे, विनोद कुमार गुप्ता, राजकुमार भण्डारी समेतको हकमा अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) बमोजिमको कसूरमा सोही बमोजिम सजाय हुन भनी अभियोग मागदावी रहेकोमा प्रतिवादीहरु कुलप्रसाद राजभण्डारी, प्रकाश घिमिरे, विरेन्द्र कुमार महतो, राजकुमार भण्डारी, विनोदकुमार गुप्ता समेतको हकमा आन्तरिक राजश्व कार्यालय विरगंजका अधिकारप्राप्त प्रमुख कर अधिकृत श्री गोपी कृष्ण कोइरालाबाट प्रतिवादीहरुलाई अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूरमा बरामद नक्कली अन्तःशुल्क टिकटको विगो रु. ३,३९,३५,०५८।- कायम गरी प्रतिवादीहरुलाई विगो बमोजिम जरिवाना रु. ६,७८,७०,११६।०० र जनही एक बर्ष कैद सजाय गर्ने गरी फैसला भएकोमा सो फैसला उपर चित्त नबुझाई प्रतिवादीहरु कुलप्रसाद राजभण्डारी, प्रकाश घिमिरे, विरेन्द्र कुमार महतो, राजकुमार भण्डारी र विनोदकुमार गुप्ताले यस राजश्व न्यायाधिकरण समक्ष पुनरावेदन गरेको देखियो।

३१. प्रस्तुत मुद्दामा पुनरावेदकहरुबाट पेश भएको पुनरावेदनपत्र, विद्वान कानून व्यवसायीहरुबाट पेश भएको लिखित बहस नोट र इजलास समक्ष प्रस्तुत बहसमा समेत मुलतः प्रतिवादीहरुलाई एउटै कसूरमा दुईपटक मुद्दा चलाईएको, सरकारी वकिलको राय नलिई प्रतिवेदनको आधारमा सजाय गरिएको, विगो जफत भईसकेपछि जफत गरेको विगो समेत असुल गर्ने फैसला भएको, अन्य प्रतिवादीहरुको नाममा जारी गरिएको म्यादको थमाउन पाउने अवधि व्यतित नभई फैसला गरेको समेत आधारमा शुरु फैसला बदर हुनुपर्छ भन्ने जिकिर लिएको देखिन्छ।

३२. उपर्युक्त बमोजिमको तथ्य एवं पुनरावेदन जिकिर, पुनरावेदक प्रतिवादीहरुको तर्फबाट रहनुभएका विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नुभएको बहस तथा पेश गर्नुभएको लिखित बहसनोट, प्रत्यर्थीतर्फका विद्वान उप-न्यायाधिवक्ताले पेश गर्नुभएको लिखित बहसनोट तथा विद्वान सहायक न्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस समेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा मुलतः देहायका प्रश्नमा निर्णय दिनुपर्ने देखियो;

(क) प्रतिवादीहरु उपर एउटै कसूरमा एकपटक भन्दा बढि मुद्दा चलाएको र सजाय भएको अवस्था छ वा छैन?

(ख) अन्तशुल्क ऐन, २०५८ बमोजिमको कसूरमा सरकारी वकिलको राय लिएर मुद्दा दायर गर्नुपर्ने कानूनी अनिवार्यता देखिन्छ वा देखिदैन?

(ग) यी पुनरावेदक प्रतिवादीहरुको आरोपित कसूरमा संलग्नता छ वा छैन?

(घ) प्रस्तुत मुद्दामा प्रतिवादीहरुको हकमा विगो कायम गरेको र जरिवाना गर्ने गरेको शुरु फैसला कानूनसम्मत छ वा छैन?

(ङ) शुरु आन्तरिक राजस्व कार्यालय वीरगंजको फैसला कार्यविधिगत त्रुटि गरी भएको हो वा होईन?

(च) पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन?

३३. यी पुनरावेदक प्रतिवादीहरु उपर एउटै कसुरमा एकपटक भन्दा बढि मुद्दा चलाएको र सजाय गरेको अवस्था छ वा छैन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा, प्रतिवादीहरु कुल प्रसाद राजभण्डारी, प्रकाश घिमिरे, विनोद कुमार गुप्ता, विरेन्द्र कुमार महतो र राजकुमार भण्डारी समेत संगठित रुपमा मिलेमतो गरी २५ यु.पि.१८० एम.एल को ६७,३६० पिस र २५ यु.पि. ७५० एम.एल.को १९,११० पिस नक्कली अन्तशुल्क टिकट आयात तथा ओसारपसार गरेकोले अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) को खण्ड (घ) बमोजिमको कसुरमा कारवाही हुनुपर्ने भनी कर अधिकृत प्रकाश राई र तोयनाथ सापकोटाको आन्तरिक राजस्व कार्यालय, वीरगंजमा प्रतिवेदन परी चलेको प्रस्तुत मुद्दामा अन्तशुल्क ऐन, २०५८ बमोजिम अन्तशुल्क अधिकृतको अधिकारप्राप्त अधिकारी प्रमुख कर अधिकृतबाट यी पुनरावेदकहरु समेतलाई जनही बिगो बमोजिम जरिवाना रु.६,७८,७०,११६।०० र जनही कैद एक बर्ष हुने गरी मिति २०७५।३।२८ मा फैसला भएको देखिन्छ। यही नक्कली अन्तशुल्क स्टिकरको विषयमा यी पुनरावेदक प्रतिवादीहरु उपर पर्सा जिल्ला अदालतमा सरकारी छाप दस्तखत किर्ते मुद्दा चलेकोमा यी प्रतिवादीहरुलाई विशेष ऐन अन्तशुल्क ऐन, २०५८ अन्तर्गत कैद र जरिवानाको सजाय भैसकेको आधारमा एउटै कसूरमा दुई पटक मुद्दा चलाउन नपाईने भनी प्रतिवादीहरुले सफाई पाउने ठहरी पर्सा जिल्ला अदालतबाट मिति २०७५।११।२ मा फैसला भएको र उक्त फैसला उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगंजबाट मिति २०७६।१०।१० मा सदर हुने ठहरी अन्तिम फैसला भएको मिसिलबाट देखिन आयो। नेपालको संविधानको धारा २० को उपधारा (६) मा कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा बढि मुद्दा चलाईने र सजाय दिईने छैन भन्ने संवैधानिक व्यवस्था रहेको छ। यी प्रतिवादीहरु उपर नक्कली अन्तशुल्क टिकट आयात र ओसारपसार गरेको कसूरमा प्रस्तुत मुद्दाको अतिरिक्त सरकारी छाप दस्तखत किर्ते मुद्दा समेत चलाइएकोमा संविधानको धारा २० को उपधारा (६) तथा मुलुकी अपराध संहिताको दफा ९ ले प्रत्याभूत गरेको दोहोरो खतराको सिद्धान्त प्रतिकूल रहेको भनी सरकारी छाप दस्तखत किर्ते मुद्दाको अभियोगबाट सफाई दिने गरी सक्षम अदालतबाट फैसला भईसकेको सन्दर्भमा प्रस्तुत मुद्दालाई उक्त संवैधानिक व्यवस्था प्रतिकुल दुईपटक मुद्दा चलाईएको र सजाय गरिएको मान्न मिलेन।

३४. अव दोस्रो प्रश्नतर्फ विवार गर्दा, प्रस्तुत मुद्दाको वारदात भएको बखत कायम रहेको अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) मा; (क) यस ऐन बमोजिम तिर्नुपर्ने अन्तशुल्क दवाएमा, छिपाएमा वा छलेमा, (ख) ईजाजतपत्र नलिई अन्तशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा, (ग) कुनै व्यक्तिले झुठ्ठा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरित कुनै कसूर गरेमा र (घ) मदिरा, वियर वा चुरोट र अन्य अन्तशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसारपसार वा भण्डारण गरेमा कसूर हुने र त्यस्तो कसूर गर्ने व्यक्तिलाई विगो जफत गरी विगो बमोजिम जरिवाना वा एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको पाईयो। ऐ.ऐनको दफा १३ ले कसैले यस ऐन विपरित कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएमा आन्तरिक राजस्व कार्यालयमा वा नजिकमा आन्तरिक राजस्व कार्यालय नभए प्रहरी कार्यालय वा अन्य कुनै सरकारी कार्यालयमा सो कुराको सूचना दिनु निजको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ भन्ने दफा

१२ को उपदफा (६) ले यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा अन्तशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ भन्ने व्यवस्था पनि रहेको देखिन आउँछ। यसरी विशेष ऐनको रुपमा रहेको अन्तशुल्क ऐन, २०५८ ले कसूरको रुपमा परिभाषित गरेको कार्य गर्ने व्यक्ति उपर तहकिकात गर्ने र दण्ड सजाय गर्ने अधिकार समेत अन्तशुल्क अधिकृतलाई नै सुम्पेको कुरामा विवाद देखिदैन। भन्सार ऐन, २०६४ को दफा ६०(क) मा रहेजस्तो अन्तशुल्क ऐन, २०५८ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्दामा सरकारी वकिलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था अन्तशुल्क ऐन, २०५८ मा रहे भएको पाईदैन। साथै अन्तशुल्क ऐन, २०५८ को दफा ११, १२ र १६, नेपालको संविधानको धारा १५८ को उपधारा (२) प्रतिकूल रहेको भनी यी पुनरावेदकहरुले श्री सर्वोच्च अदालतको संवैधानिक ईजलास समक्ष चुनौती दिई अमान्य र बदर गराएको अवस्था समेत नदेखिँदा प्रस्तुत मुद्दामा सरकारी वकिलको राय लिएर मात्र मुद्दा हेर्ने अधिकारी समक्ष अभियोग पत्र दायर गर्नुपर्ने भनी पुनरावेदक प्रतिवादीहरुको तर्फबाट लिईएको जिकीर अन्तशुल्क ऐन, २०५८ मा रहेको कानूनी व्यवस्था अनुकुल नहुँदा उक्त जिकीरसँग सहमत हुन सकिएन।

३५. अव निरोपण गर्नुपर्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीहरु कुल प्रसाद राजभण्डारी, प्रकाश घिमिरे, विनोद कुमार गुप्ता, विरेन्द्र कुमार महतो र राजकुमार भण्डारी समेतको मिलेमतोमा बरामद भएका अन्तशुल्क टिकटको आयात वा ओसारपसार भएको हो वा होईन, पुनरावेदक प्रतिवादीहरुको कसूरमा संलग्नता छ वा छैन भनी मिसिल संलग्न प्रमाणको आधारमा सर्वप्रथम **प्रतिवादी विरेन्द्र कुमार महतोको** सम्बन्धमा हेर्दा, वीरगंज भन्सार कार्यालयमा मिति २०७४।०५।१८ को दिन वरामद भएको नक्कली अन्तः शुल्क टिकटको वरामदी मुचुल्कामा वरामदीत नक्कली अन्तः शुल्क टिकट मैले ल्याएको हो भनी प्रतिवादी विरेन्द्र कुमार महतोले वरामदी मुचुल्कामा हस्ताक्षर गरेको देखिन्छ। साथै, वीरगंज भन्सार कार्यालयमा वयान गर्दा निजले हिमालय कार्गोको रक्सौल गोदामवाट गाडीमा माल लोड गरी भन्सार कार्यालयमा ल्याएका सामान मध्ये हरिओम ट्रेडिङ्ग प्रा.लि.को विल र सामान भन्सार एजेन्ट अशोक कुमार श्रेष्ठलाई दिई सामानं र विल अनुसार प्रज्ञापन पत्र भरेको तथा रक्सौलबाट मैले सामान र विल ल्याएको हुँदा प्रस्तुत वारदातमा सम्पुर्ण दोष मेरो हो भन्ने समेतको बेहोरा उल्लेख गरेको देखिन्छ। हिमालयन कार्गोका व्यवसायी विनोद कुमार गुप्ताको वयानमा निज विरेन्द्र कुमार महतो हिमालयन कार्गोका जिम्मेवार कर्मचारी भएको र आफुले के सामान भन्सार कटाउन लैजाने हो भन्ने विषयमा निजलाई पुरा जानकारी हुने हुँदा यसवाट निजले जानी वुझिकन नक्कली अन्तःशुल्क टिकट ओसार पसार गर्ने मनासय राखी कार्य गरेको देखिन्छ। यसरी मिसिल संलग्न कागजात, केन्द्रिय अनुसन्धान व्युरो महाराजगंजबाट प्राप्त मिसिल संलग्न Phone Call Details Analysis Report समेतका प्रमाणहरुबाट प्रतिवादी विरेन्द्र कुमार महतो हिमालयन कार्गोको कर्मचारी मात्र नभई आफ्नो साहु विनोद कुमार गुप्तासँग मिलेर हरिओम ट्रेडिङ्ग प्रा.लि.को नामबाट सामान आयात गर्ने व्यक्ति समेत भएको देखिएको कारणबाट नक्कली अन्तःशुल्क टिकट ओसारपसार सम्बन्धी कसूरमा निज प्रतिवादी विरेन्द्र कुमार महतोको संलग्नता शंकारहित रुपमा पुष्टि भएको पाईयो।

३६. **प्रतिवादी कुल प्रसाद राजभण्डारीको** सम्बन्धमा हेर्दा, वरामद नक्कली अन्तशुल्क टिकटको आयात हरिओम ट्रेडिङ्ग प्रा.लि. को नामबाट भएको र सो कम्पनी प्रतिवादी कुल प्रसाद राजभण्डारीको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट देखिन आयो। मालवस्तु आयातको लागि भन्सार विभाग त्रिपुरेश्वरवाट समेत कुल प्रसाद राजभण्डारीकै हस्ताक्षर एवं फोटो टाँस गरी एक्जिम कोड लिएको साथै जनता बैंक र सिटिजन बैंकमा निजको फोटो टास गरी निजकै हस्ताक्षर चल्ने गरी बैंक खाताहरू खोलेको देखिन्छ। आयातकर्ता हरिओम ट्रेडिङ्ग प्रा. लि.को नाउँमा आयात भएको अन्तशुल्क टिकटहरु Bishalaxmi Entire Enterprises 149/2 Sashtri Narendranath Ganguly Road Santragachhi, Howrah 711104 ले भारतीय TAX INVOICE No 3737 Date 22.07.2017 को विलवाट पठाएको देखिन्छ। उक्त मालवस्तु भन्सार कार्यालयमा, जाँचपास गर्दा २५ यु.पि. शक्तिको मदिराको १८० एम.एल.को वोत्तलमा प्रयोग हुने अन्तः शुल्क टिकट ६७,६३० थान, र २५ यु.पि. शक्तिको मदिराको ७५० एम.एल.को बोत्तलमा प्रयोग हुने अन्तःशुल्क टिकट १९,११० थान गरी जम्मा ८६,७४० थान नक्कली अन्तःशुल्क टिकट रहेको देखिन्छ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान दिंदा समेत हरिओम ट्रेडिङ्ग प्रा.लि. आफ्नो नाममा दर्ता गरेको फर्म भएको स्वीकार गरेको, विनोद कुमार गुप्ता र प्रकाश घिमिरेले मासिक रू.१५,०००/- दिनेगरी कम्पनी दर्ता गरी/गराई निजहरूले नै कारोबार गरेको हो भन्ने वयान व्यहोरा, केन्द्रिय अनुसन्धान व्युरो महाराजगंजबाट प्राप्त Phone Call Details Analysis Report समेतबाट अन्तशुल्क टिकटको ओसारपासरको लागि निजले प्रकाश घिमिरेसँग वारदातको समयमा पटक पटक फोन सम्पर्क गरेको लगायतका आधार र कारणहरुबाट वीरगञ्ज भन्सार कार्यालयमा सामान जाँचपासका क्रममा बरामद भएको २५ यु.पि. शक्तिको मदिराको उपरोक्तनुसारको जम्मा ८६,७४० थान नक्कली अन्तःशुल्क टिकट आयातमा यी प्रतिवादी कुल प्रसाद राजभण्डारीको संलग्नता रहेनछ भन्न मिलेन।

३७. **प्रतिवादी विनोद कुमार गुप्ताको सम्बन्धमा हेर्दा,** निज प्रतिवादीले आन्तरिक राजस्व कार्यालय, वीरगंजमा वयान गर्दा मालसामान ढुवानी गर्ने आफ्नो व्यवसाय भएको र आफुले उक्त नक्कली अन्तःशुल्क टिकट ढुवानी व्यवसायका रूपमा ढुवानी गरेको भनी व्यहोरा लेखाएको देखिन्छ। कुल प्रसाद राजभण्डारीको नाउँमा दर्ता रहेको हरिओम ट्रेडिङ्ग प्रा.लि.को नाममा भारतबाट आयात भएको नक्कली अन्तःशुल्क टिकट हिमालयन कार्गोबाट काठमाण्डौ ढूवानी गर्ने क्रममा भन्सार जाँचपासका वखत पक्राउ परेका विरेन्द्र कुमार महतो हिमालयन कार्गो (स्था.ले.नं. ६०४८६०४७५) का कर्मचारी रहेको र सो को प्रोप्राइटर मधु कुमारी चौधरीको नाममा दर्ता भएको देखिन्छ। वयानकै क्रममा प्रतिवादी विनोद कुमार गुप्ताले आफू मधु कुमारी चौधरीको पति भएको र उक्त कार्गो व्यवसायको कारोवार आफैले गर्ने गरेको, विगत एक डेढ महिना देखि हरिओम ट्रेडिङ्ग प्रा.लि.को सामान आफ्नो हिमालयन कार्गोमा बुक भई ढुवानी भई राखेको भन्ने वयान गरेबाट आरोपित कसूरमा निजको मिलेमतो रहेको पुष्टी हुन्छ। साथै, कुल प्रसाद राजभण्डारीले वयानको सिलसिलामा हरिओम ट्रेडिङ्ग प्रा.लि.को कारोबार बिनोद कुमार गुप्ताले नै गर्ने गरेको, खरिद विक्रीका खातावहीहरू लगायत सम्पूर्ण कागजपत्रहरू विनोद कुमार गुप्ताहरूले नै राख्ने गरेकोले दर्ता भएदेखि हालसम्म के कति आयात निर्यात, खरिद, विक्री कारोवार भयो भन्ने मलाई थाहा छैन, यस सम्वन्धमा

विनोद कुमार गुप्तालाई नै थाह छ भन्ने बेहोरा उल्लेख गरेको तथा विनोद कुमार गुप्ताले आफूलाई जिल्ला प्रहरी कार्यालय वीरगंजको प्रहरी हिरासतमा रहँदा यस अघि गरेको वयान फिर्ता लिई आफुले नै नक्कली अन्तःशुल्क टिकट मगाएको हो भनी वयान स्वीकार गरेमा पन्ध्रलाख रूपैयां दिन्छु र जेलमुक्त गर्न पनि सहयोग गर्ने प्रलोभन दिई पछि धम्कीपूर्ण भाषामा आग्रह गरेको भनी कुल प्रसाद राजभण्डारीले निज बिनोद कुमार गुप्ताको सम्बन्धमा वयान गरेको समेत देखिन्छ।

३८. भन्सार एजेन्ट अशोक कुमार श्रेष्ठले वयानको क्रममा नक्कली अन्तःशुल्क टिकट आयातकर्ता हरिओम ट्रेडिङ्ग प्रा.लि.ले आफूलाई भन्सार एजेन्ट नियुक्ति गरेको र भन्सार एजेन्टको नियुक्तिपत्र निज विनोद कुमार गुप्ताका कर्मचारी विरेन्द्र कुमार महतोले आफूलाई दिएको र सामान जाँचपास गरिदिएवापत भन्सार एजेन्टलाई दिनुपर्ने पारिश्रमिक निज विनोद कुमार गुप्ताले आफ्ना कर्मचारी विरेन्द्र कुमार महतो मार्फत मलाई दिने गरेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। अन्य प्रतिवादीहरु सुगम सापकोटा, प्रकाश सापकोटा र राधेश्याम पौडेलले आफ्नो वयानमा भारतवाट आयात गरेको सामानको रकम ड्राफ्टवाट भुक्तानी पठाउन जनता बैंक र सिटिजन बैंकमा खोलिएका हरिओम ट्रेडिङ्ग प्रा.लि.का खाताहरूमा रकम जम्मा गरी ड्राफ्ट बनाउन हिमालयन कार्गोका साहु विनोद कुमार गुप्ता समेतले रकम दिने गरेको, हरिओम ट्रेडिङ्ग प्रा.लि.को छुट्टै अफिस नभएको तर हिमालयन कार्गोको कुलेश्वर स्थित अफिस भित्रैवाट हरिओम ट्रेडिङ्ग प्रा.लि.को समेत कारोबार हुने गरेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ।

३९. आफ्नो सहोदर भाइ सतिस गुप्ताको नाममा रहेको भारत तर्फको सनसाइन कार्गोवाट कलकत्तावाट रक्सौलसम्म ढुवानी भई उक्त नक्कली अन्तःशुल्क टिकट आएको विनोद कुमार गुप्ताले वयानमा उल्लेख गरेको देखिएवाट हरीओम ट्रेडिङ्ग प्रा.लि.का संचालक कुलप्रसाद राजभण्डारीको नामवाट प्रा.लि. दर्ता गरी/गराई उक्त प्रा.लि.वाट नक्कली अन्तःशुल्क टिकट आयात गरि सुचना वा जानकारी कहीं जानसक्ने भएको कारणले आफ्नै भाइको नाममा भारततर्फ दर्ता भएको कार्गो कम्पनीवाट कलकत्तावाट रक्सौलसम्म र त्यसपछि काठमाण्डौसम्म आफ्नो श्रीमती मधु कुमारी चौधरीको नाममा दर्ता रहेको हिमालयन कार्गोवाट आफैले ढुवानी गर्दा आफुले गरेको गैरकानूनी कृयाकलाप ढाकछोप गर्न र गोप्य राख्न प्रयास गरेको देखिन्छ। यसरी हिमालयन कार्गोका मालिक मधु कुमारी चौधरीका पति यी पुनरावेदक प्रतिवादी विनोद कुमार गुप्ताले कूलप्रसाद राजभण्डारीको नाममा दर्ता भएको हरीओम ट्रेडिङ्ग प्रा.लि.को नामबाट नक्कली अन्तःशुल्क टिकट आयात गरी, नक्कली अन्तःशुल्क टिकट आयात वापत भारतीय निर्यातकर्तालाई भुक्तानी गर्न बैंकमा ड्राफ्ट वनाउन आफैले रकम दिई, आफ्नै सहोदर भाई सतिश गुप्ताको नाममा भारतमा रहेको सनसाइन कार्गोवाट कलकत्तावाट रक्सौलसम्म ढुवानी गराई सह-प्रतिवादी विरेन्द्र कुमार महतोका नाममा एभरेष्ट बैंकको वीरगञ्ज शाखामा नं.०१५००५०१२०१६०९ रहेको बैंक खाता निजबाट नै खोल्न लगाएको तथा केन्द्रिय अनुसन्धान व्युरो महाराजगंजबाट आन्तरिक राजस्व कार्यालय वीरगंजमा प्राप्त Phone Call Details Analysis Report समेतबाट अन्तशुल्क टिकटको ओसारपासरको लागि निजले प्रकाश घिमिरेसँग वारदातको समयमा पटक पटक फोन सम्पर्क गरेको कुरा समेत पुष्टी भईरहेको देखिँदा यी समग्र प्रमाणबाट प्रतिवादी विनोद कुमार गुप्ताको उल्लिखित कसूरमा संलग्नता रहेको देखिन आयो।

४०. अव अर्का पुनरावेदक **प्रतिवादी प्रकाश घिमिरेको** सम्बन्धमा हेर्दा, मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय पर्साको च.नं. २९८९, मिति २०७४।०५।२८ को पत्रानुसार विभिन्न व्यक्तिका नाममा दर्ता भएका ५ वटा सिम भएका ३ वटा मोबाईल फोनहरू प्रकाश घिमिरेको साथबाट प्रहरीले बरामद गरेको देखिन्छ। यी प्रतिवादीले निजबाट बरामदित मोवाईलहरु २०७४ असार अन्तिम साता आफ्नो साथीले भुलवस छोडेकोले आफूसँग भएको भन्ने वयान गरेको देखिन्छ। सामान्यत साथीले छोडेका पांचवटा अलग अलग सिम भएका फोनहरू भएको भए घर लगेर जतनसाथ राखिदिनुपर्नेमा निजले आफैले प्रयोग गरी प्रस्तुत मुद्दाको वारदातमा संलग्न प्रतिवादीहरुसँग सम्पर्क समेत गरेको देखिन्छ। नक्कली अन्तःशुल्क टिकटको साथ पक्राउ परेका अर्का प्रतिवादी विरेन्द्र कुमार महतोले निज प्रकाश घिमिरेले मलाई फोनवाट विभिन्न व्यापारीहरूको सामान हरिओम ट्रेडिङ्ग प्रा.लि का नाममा मगाउने गरेको थियो भन्ने वयान बेहोरा उल्लेख गराएबाट प्रतिवादी प्रकाश घिमिरे समेत नक्कली अन्तःशुल्क टिकट सम्वन्धी कसूरमा संलग्न भएको देखिन आयो। त्यसै गरी हरिओम ट्रेडिङ्ग प्रा.लि.ले करदाता सेवा कार्यालय चावहिलमा स्थायी लेखा नम्बर (PAN) लिँदा सम्पर्क नम्बरको रूपमा कार्यालयको अभिलेखमा उपलब्ध गराएको फोन नं. ९८६२१५७२८५ र भन्सार विभागवाट जारी भएको एक्जिम कोड प्रमाण पत्रमा अभिलेख भएको मोवाइल नं. ९८४०१७७९१४ प्रकाश घिमिरेले आफुसँग राख्ने गरेको र प्रयोग गर्ने गरेको देखिन्छ। केन्द्रिय अनुसन्धान व्युरो, महाराजगंजवाट प्राप्त Phone Call Details Analysis Report अनुसार विनोद कुमार गुप्ताले संचालन गरेको कुलेश्वर स्थित हिमालयन कार्गोको ल्याण्ड लाईन नं. १४२८४२७१ र १४२८४२७० मा प्रकाश घिमिरेले प्रयोग गर्ने मोवाइल नं ९८६२१५७२८५ वाट र राजकुमार भण्डारीले ९८२३४५२३१४ नम्वरवाट २०७४ भाद्र महिनामा पटक पटक भएको फोन अनुसार प्रकाश घिमिरे, राजकुमार भण्डारी र विनोद कुमार गुप्तावीच आपसी सघन व्यवसायिक सम्पर्क रहेको अवस्था देखिएको प्रकाश घिमिरे र हिमालयन कार्गोको साहु विनोद कुमार गुप्ताबीच ब्यवसायीक सम्बन्ध भएको भनी प्रकास सापकोटा, सुगम सापकोटाले वयान गरेको देखिन्छ। प्रतिवादी प्रकाश घिमिरेले मासिक रू.८०००।०० तलव दिई उनकै निर्देशन बमोजिम हिमालयन कार्गोको अफिस कुलेश्वरवाट रकम र कागजातहरू लिई हरिओम ट्रेडिङ्ग प्रा.लि.को बैंक खातामा रकम जम्मा गरी बैंक ड्राफ्ट वनाउन राधेश्याम पौडेल, सुगम सापकोटा र प्रकाश सापकोटालाई क्रमशः पालैपालो Part Time Job दिएको भन्ने समेतको बयान लगायतका प्रमाणबाट निज पुनरावेदक प्रतिवादी प्रकाश घिमिरेको समेत कसूरमा संलग्नता रहेको देखिन आयो।

४१. त्यसै गरी **प्रतिवादी राजकुमार भण्डारीको** सम्बन्धमा हेर्दा, प्रतिवादीहरु विरेन्द्र कुमार महतो र विनोद कुमार गुप्ताले वयानको क्रममा हरिओम ट्रेडिङ्ग प्रा.लि.का नाममा मोबाइल फोन नं. ९८२३४५२३१४ बाट उक्त नक्कली अन्तःशुल्क टिकट बुक गराउने मानिस राजेश भन्ने व्यक्ति राजकुमार भण्डारी हुन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। साथै भारतवाट सामानहरू मगाई हिमालयन कार्गोका कर्मचारी विरेन्द्र कुमार महतोको एभरेष्ट बैंकको खाता नं. ०१५००५०१२०१६०९ मा पटक पटक भौचर भरी रकम जम्मा गरेका तीन थान सक्कल भौचरहरू सहित प्रतिवादी राजकुमार भण्डारी पक्राउ परेको देखिन्छ। राजकुमार भण्डारीले हिमालयन कार्गोका साहू विनोद कुमार गुप्ताको मोवाइल नं.९८५१०२१०२९ मा २०७४ असार

९ गते १ मिनेट १६ सेकेण्ड कुराकानी गरेको देखिएबाट राजकुमार भण्डारी र बिनोद कुमार गुप्ताबीच नक्कली अन्तःशुल्क टिकट पैठारी पूर्व देखि नै सम्बन्ध भएको देखिन्छ। प्रतिवादी विरेन्द्र कुमार महतोले वयानको क्रममा नक्कली अन्तःशुल्क टिकट वरामद भएको भोलि या पर्सिपल्ट आफ्नो सामान काठमाण्डौ पुगिसक्यो कि छैन भनि आफ्नो फोनमा निज राजकुमार भण्डारीले आफु हरिओम ट्रेडिङ्ग प्रा.लि. को मानिस राजेश हो भनि आफनो फोन नं. ९८२३४५२३१४ वाट फोन गरी सोधखोज गरेको तर उक्त फोन मेरो छोराले उठाएको भन्ने बेहोरा उल्लेख गरेको र उक्त कुरा राजकुमार भण्डारीले स्वयंले वयानमा स्वीकार गरेको समेत देखियो। फोन गरेको कुरा दुवैले वयानमा स्वीकार गरेकोले सत्यता देखिएको, केन्द्रिय अनुसन्धान व्युरो महाराजगंजवाट प्राप्त Phone Call Details Analysis Report अनुसार राजकुमार भण्डारी (मोवाइल नं.९८२३४५२३१४) र विरेन्द्र कुमार महतो (मोवाइल नं. ९७४५०७८७४२) वीच मिति २०७४।५।१९ र २०७४।०५।२० गते चार पटक फोन सम्पर्क गरेको देखिएको, सोही अवधिमा वीरगञ्ज भन्सार कार्यालयमा उक्त नक्कली अन्तःशुल्क टिकट जाँचपासको क्रममा पक्राउ परेको देखिन आउँछ। केन्द्रिय अनुसन्धान व्युरो महाराजगंजवाट प्राप्त Phone Call Details Analysis Report अनुसार निज राजकुमार भण्डारीले प्रयोग गर्ने मोवाइल नं.९८२३४५२३१४ बाट हिमालयन कार्गोको अफिसको ल्याण्डलाइन नं.१४२८४२७० मा २०७४ भाद्र १३, र २०७४ असोज ३ मा गरी तीन पटक फोन गरेको देखिएको, त्यसैगरी निजले विरेन्द्र कुमार महतोको मोवाइल नं.९७४५०७८७४२ मा २०७४ भाद्र १९ र भाद्र २० मा चार पटक फोन सम्पर्क गरेको देखिएको, निज राजकुमार भण्डारीले विनोद कुमार गुप्ताको मोवाइल नं. ९८५१०२१०२९ मा २०७४ भाद्र २८ मा एकपटक र भन्सार एजेन्ट अशोक कुमार श्रेष्ठले प्रयोग गर्ने मोवाइल नं. ९८४१३९४४५६ मा २०७४ भाद्र २८ मा एकपटक फोन सम्पर्क गरेको उक्त Call Details बाट देखिन्छ। यही अवधिमा उक्त नक्कली अन्तःशुल्कं टिकट आयात भएको देखिएको, यसवाट निज राजकुमार भण्डारी विरेन्द्र कुमार महतोसँग मात्र नभै हिमालयन कार्गोका साहुहरू साथै भन्सार एजेन्टसँग समेत सम्पर्कमा रही निजहरूसँग मिलोमतो गरी सामान आयात गर्ने व्यक्ति भएको देखिन्छ। प्रतिवादी राजकुमार भण्डारीले व्यापार गर्न कुनै फर्म दर्ता गरी स्थाई लेखा नम्वर लिएको' नदेखिएको साथै पैठारी गरिएको सामानको भुक्तानी गर्न प्रयोग गर्ने बैंक भौचरमा आफ्नो वास्तविक नामको सट्टा राजेश लेख्ने गरेको देखिएवाट प्रतिवादी राजकुमार भण्डारीको समेत प्रस्तुत मुद्दाको वारदातमा संलग्नता रहेको देखिन आउँछ।

४२. अव प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरुको हकमा विगो कायम गरेको र जरिवाना गर्ने गरेको शुरु फैसला कानूनसम्मत देखिन्छ वा देखिदैन भन्ने चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादीहरु उपर अन्तशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (१) को खण्ड (घ) मा लेखिएको मदिरा, वियर वा चुरोट र अन्य अन्तशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तशुल्क टिकट नक्कली बनाई प्रयोग गरेको, उत्पादन गरेको वा ओसारपसार वा भण्डारण गरेको भन्ने कसूरमा सजाय भएको देखिन्छ। माथिका प्रकरणहरुमा विवेचना गरे अनुरुप पुनरावेदक प्रतिवादीहरुको भारतबाट नक्कली अन्तशुल्क टिकट आयात र ओसारपसार गर्ने कसूरमा संलग्नता देखिएको र वारदातको समयमा विद्यमान अन्तशुल्क ऐन, २०५८ को दफा १६ को

उपदफा (१) को स्पष्टीकरण खण्ड (१) मा यस खण्ड बमोजिम सजाय गर्न विगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको मूल्य कायम गरी त्यसमा लाग्ने अन्तशुल्क समेत जोडी कायम गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको देखियो। सोही कानूनी व्यवस्था समेतको आधारमा बरामद भएको २५ यु.पी. शक्तिको मदिराको १८० एम.एल.को बोतलमा प्रयोग हुने अन्तशुल्क टिकट ६७,६३० थान र २५ यु.पी.शक्तिको मदिराको ७५० एम.एल. को बोतलमा प्रयोग हुने अन्तःशुल्क टिकट १९,११० थान गरी जम्मा ८६,७४० थान नक्कली अन्तशुल्क टिकट प्रयोग गर्दा कायम हुने विगो रु.३,३९,३५,०५८।०० र विगो बमोजिम प्रतिवादीहरुलाई जरिवाना रु. ३,३९,३५,०५८।०० समेत जम्मा रु.६,७८,७०,११६।०० असुल गर्ने र जनही एक बर्ष कैद सजाय समेत हुने ठहऱ्याई आन्तरिक राजस्व कार्यालय वीरगंजका प्रमुख कर अधिकृतले गरेको फैसला कानूनसम्मत देखिँदा उक्त फैसलालाई अन्यथा भन्न मिलेन।

४३. त्यसैगरी शुरु फैसला गर्दा कार्यविधिगत त्रुटि गरिएको भनी पुनरावेदक प्रतिवादीहरुले पुनरावेदन पत्रमा मुलतःप्रतिवादीहरु मध्येका मधु कुमारी चौधरी, राहुल गुप्ता र सतिश गुप्ताको नाममा जारी भएको म्याद थाम्ने थमाउने म्याद बाँकी छदै फैसला भएको भन्ने प्रश्न उठाएको देखिन्छ। उक्त प्रश्नको सम्बन्धमा हेर्दा, प्रतिवादीहरु मधु कुमारी चौधरी पुनरावेदक प्रतिवादी विनोद कुमार गुप्ताको एकाघरको पत्नी तथा हिमालयन कार्गोका प्रोपाईटर रहेको देखिन्छ भने राहुल गुप्ता निजको छोरा तथा सतिस गुप्ता विनोद कुमार गुप्ताको भाई नाताको व्यक्ति रहेको देखियो। प्रस्तुत मुद्दाको सन्दर्भमा आन्तरिक राजस्व कार्यालय वीरगंजले यी प्रतिवादीहरुको नाउँमा मिति २०७४।१२।६ मा उपस्थित हुन पत्राचार गरेकोमा उपचार गर्न भारत गएको भनी उपस्थित हुन नआएको, तत्पश्चात मिति २०७५।१।३१ मा केन्द्रिय अनुसन्धान व्युरोलाई निजहरुको खोजतलास गरी उपस्थित गराईदिन पत्राचार भएकोमा निजहरु फेला नपरेको र मिति २०७५।३।२० मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सात(७) दिनभित्र उपस्थित हुन सूचना प्रकाशित भएकोमा सो सूचनाको अवधिभित्र पनि उपस्थित हुन नआएपछि मिति २०७५।३।२८ मा यो मुद्दा फैसला भएको देखियो। आफू उपर एकाघर परिवारका सदस्य सहित नक्कली अन्तशुल्क टिकटको कसूर सम्बन्धी मुद्दा चलेको कुरा यी प्रतिवादीहरुलाई थाहा जानकारी भएको, पटक पटक पत्राचार गर्दा समेत निजहरु उपस्थित नभएको, आफ्नो नामको म्याद वेपत्ते तामेली भयो भन्ने निजहरुको जिकीर नरहेको र साविक मुलुकी ऐन अदालती बन्दोबस्तको २०८ नम्बर बमोजिम रितपूर्वक म्याद तामेली नभई थाहा पाउन नसकी म्याद गुज्रेको भन्ने उजुरी साथ फैसला भएको छ महिना भित्रमा थाहा पाएको ३५ दिन भित्र प्रतिवादी उपस्थित हुन सक्नेमा सो बमोजिम गरेको समेत नदेखिँदा यी प्रतिवादीहरुको थाम्ने थमाउने म्याद बाँकी हुँदै मुद्दा फैसला भयो भनी पुनरावेदक प्रतिवादीहरुले लिएको पुनरावेदन जिकिर मनासिव देखिएन। उक्त कार्यलाई शुरु आन्तरिक राजस्व कार्यालयको कार्यविधिगत त्रुटि मान्न मिलेन र उक्त जिकीरको आधारमा यी पुनरावेदक प्रतिवादीहरुको हकमा शुरु फैसला अन्यथा हुन सक्ने पनि देखिएन।

४४. अव पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने अन्तिम प्रश्नको सम्बन्धमा हेर्दा माथिका प्रकरणहरुमा विवेचना गरिए अनुरुप पुनरावेदक प्रतिवादीहरुको अन्तशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूरमा संलग्नता रहेको

देखिएको र कानून बमोजिम नै निजहरुलाई कैद र जरिवानाको सजाय भएको देखिँदा शुरु आन्तरिक राजस्व कार्यालय वीरगंजका प्रमुख कर अधिकृतबाट भएको सजायबाट सफाई पाउनु पर्ने भनी प्रतिवादीहरुले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

४५. अतः माथि विवेचित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादीहरुलाई अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूरमा बरामद नक्कली अन्तःशुल्क टिकटको विगो रु. ३,३९,३५,०५८।- कायम गरी प्रतिवादीहरुलाई विगो बमोजिम जरिवाना रु. ६,७८,७०,११६।०० र जनही एक बर्ष कैद सजाय गर्ने गरी आन्तरिक राजस्व कार्यालय, वीरगंज पर्साका अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तशुल्क अधिकृतको अधिकार प्राप्त प्रमुख कर अधिकृतबाट मिति २०७५।३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरु प्रकाश घिमिरे, राजकुमार भण्डारी, विनोद कुमार गुप्ता, विरेन्द्र कुमार महतो र कुल प्रसाद राजभण्डारीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य )

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

ईति सम्वत् २०७९ साल जेठ १६ गते रोज २ शुभम् ----------------------------------

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप